# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख २० गते २०५६ साल (अतिरिक्ताङ्क ५

## भाग ३

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना १

सम्वत् २०५६ साल वैशाख २० गते सम्पन्न प्रतिनिधि सभा सदस्यहरूको निर्वाचनको सम्बन्धमा श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको सिफारिश अनुरूप सोही ऐन अन्तर्गतका मुद्दामा कारवाही र किनारा गर्न निर्वाचन क्षेत्रका जिल्लासँग सम्बन्धित पुनरावेदन अदालतका वरिष्ठतम न्यायाधीश भएको निर्वाचन अदालत गठन गरेको छ । सो अदालतको म्याद सबभन्दा पछिल्लो उजूरी दर्ता भएको मितिले १ (एक) वर्षको हुनेछ ।

### सूचना २

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २२ को उपदफा (२) को प्रयोजनको लागि उपर्युक्त सूचना १ बमोजिमको निर्वाचन अदालतले गरेको निर्णय उपर पुनरावेदन सुन्न सर्वोच्च अदालतलाई तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

323

## सूचना ३

उपर्युक्त सूचना १ बमोजिमको निर्वाचन अदालतमा कुनै पनि उजूरी दर्ता नभएमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ६७ बमोजिम निर्वाचनको परिणाम घोषणा भएको मितिले ३ (तीन) महिना पूरा भएपछि सो अदालतको म्याद स्वतः समाप्त हुनेछ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।